'गाउँ गाउँमा सूचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

*Namaste Karnali National Daily* राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ११९ | बुधवार १० पुष, २०८१ | *25 (Wednesday) December 2024* | पृष्ठ ४, | मूल्य रु : १०/-

### लुम्बिनी सरकारको रु ४३ करोड ३१ लाख बेरुजु

# बेरुजुलाई शून्यमा झार्ने लुम्बिनी प्रदेश सरकारको रणनीति

नमस्ते समचारदाता

देउखुरी, पुष/०९




लुम्बिनी प्रदेश सरकारले बेरुजु घटाउने योजना अघि सारेको छ । बेरुजु हुनै नदिनेगरी प्रदेश सरकारका मातहतका मन्त्रालय, विभाग, निर्देशनालय तथा जिल्ला तहमा रहेका कार्यालयहरुले कार्य सम्पादन गरिरहेको जानकारी गराइएको छ । मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकारले बेरुजु हुनै नदिने गरी कार्यसम्पादनलाई प्राथमिकतामा राखेको बताएका छन् । महालेखापरीक्षकको कार्यालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको समन्वयमा सोमबार राप्ती उपत्यका देउखुरीमा आयोजना गरेको लेखापरीक्षण, बेरुजु फछ्र्यौट र सम्परीक्षण सम्वन्धी प्रदेशस्तरीय अन्तर्क्रिया तथा छलफल कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले बेरुजु फछ्र्यौटलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताएका हुन । मख्यमन्त्री आचार्यले भने, 'शुरुका दिनमा बेरुजु थिएन । बीचमा बेरुजु बढेर गयो । त्यसलाई घटाउन जरुरी छ । सुशासन र जवाफदेहीता कायम गर्न बेरुजुलाई शून्यमा झार्ने सरकारले रणनीति बनाएको छ ।' बेरुजु घटाउन कर्मचारीको कार्यसम्पादन मूल्यांकनमा बेरुजु फछ्र्यौटलाई अनिवार्य समेटनुपर्ने मुख्यमन्त्री आचार्यले जानकारी गराए । आचायैले अगाडि थपे, 'कर्मचारीको कार्यसम्पादन मूल्यांकनको एउटा आधार बेरुजु फछ्र्यौटलाई बनाउनुपर्छ । अनि कर्मचारी तहबाट यसलाई चासोको रुपमा लिने हुन्छ ।' प्रदेश तहमा जनशक्तिको अभावलाई समाधान गर्नेगरी लोकसेवा आयोगले कर्मचारी छनोट, बढुवाको कामलाई अघि बढाएकाले कार्यसम्पादन सहज रुपमा हुनेमा आचार्यले विश्वास व्यक्त गरे । संघीय सरकारले समानीकरण अनुदान रकम प्रदेशमा नपठाउँदा दुई अर्ब बढीको भुक्तानीको भार प्रदेशमा थपिएको मुख्यमन्त्री आचार्यले बताए । प्रदेश तथा स्थानीय तहका कार्यालयहरुमा लेखापरीक्षणको काम अघि बढेको, प्रारम्भिक प्रतिवेदनको जवाफ दिँदा धेरै समस्या आफै समाधान भएर जाने भएकाले त्यसमा ध्यान दिन महालेखा परीक्षक तोयम रायाले आग्रह गरे ।

*बाँकी ३ पेजमा...*

# पर्यटन मन्त्री न्यौपाने द्वारा कोहलपुर महोत्सवको उद्घाटन




नमस्ते समचारदाता

कोहलपुर, पुष/०९

नेपाल आदीवासी जनजाती महासंघ नगर समन्वय परिषद कोहलपुर बाँकेको आयोजना तथा श्री भावना एम्युजमेन्ट प्रालीको व्यस्थापनमा संचालन गरिन लागेको महोत्सवको लुम्बिनी प्रदेश सरकारका उद्योग पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपनेले मंगलबार कोहलपुरको खुला मैदानमा उदघाटन गरेका छन् । महोत्सवको उद्घाटन गर्दै मन्त्री न्यौपानेले यस्ता महोत्सवहरुले स्थानीय उत्पादनहरुको प्रमोशन गर्न र व्यवसायलाई बजारीकरण गर्न सहयोग पुऱ्याउने बताए । आदीवासी जनजाति संग्रहालय निमाणार्थ संचालन गर्न लागिएको महोत्सवको उद्धाटन सत्रमा विविध बाजागाजा सहितको झाँकी तथा ऱ्यालीहरु प्रस्तुत गरिएका थिए । महोत्सवमा भारतको राजस्थानबाट दुईवटा उँटहरु समेत ल्याएको ल्याएको बताइएको छ । मेलामा करिब २५० वटा व्यापारिक स्टल तथा २० वटा होटल स्टल रहने स्टल तथा प्रयोजक व्यवस्थापन संयोजक हेमन्त पुनले जानकारी दिए । उनका अनुसार हालसम्म २०० स्टल बुकिङ्ग भैसकेका छन । मेलामा करिब ६७ जना भन्दा धेरै राष्ट्रियस्तरका कलाकारहरु आउने कला तथा सांस्कृति समितिले जनाएको छ । मेलामा बालउद्यान, कृषि प्रर्दशन,व्यापारी स्टलहरु हात्ती सफारी, उँट प्रर्दशनी, कराते, र उस्सु खेल, आदी डेमोक्टेशन प्रर्दशनी गरिनुका साथै मगरखाना परिकार गुरुङ्ग खाना परिकार थारु परिकार, नेवार खाना परिकार साथै अन्य जातिय खाना परिकारहरुको प्रर्दशनी गरिनुका सार्थै स्थानीय तथा राष्ट्रिय स्तरका कलाकारहरुको वेजोड प्रस्तुति रहने आयोजकले जनाएको छ ।



**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## हचुवाको भरमा योजना छान्ने सरकारी प्रवृत्ति

**नेपालका सबै तहका सरकारहरुले आवश्यक अध्ययनविना नै हचुवाका भरमा योजना छान्ने प्रवृत्ति देखिएको छ । सरकार परिवर्तन हुनासाथ नयाँ सरकारले पुराना सरकारको पालामा अघि बढाइएका योजनालाई महत्व नदिने र नयाँ योजना फेरि पनि हचुवाकै भरमा घोषणा गर्दा योजनाहरुको कार्यान्वय तथा प्रभावकारीतामा समस्या बढ्दै गएको छ। कस्तो योजना छनोट गर्ने, तिनको दीर्घकालीन प्रभाव र कार्यान्वयनको पाटोलाई सरकारको नेतृत्वले अध्ययन गर्नुपर्ने हुन्छ । यद्यपि अहिले पपुलर कसरी भइन्छ, बढीभन्दा बढी कसरी चर्चामा आउने भन्ने कुरालाई महत्व दिने होडबाजी छ । त्यही पपुलारिटीका लागि ल्याइएको कार्यक्रम कार्यान्वयनको पाटोलाई ध्यान नदिंदा कर्णालीमा कतिपय महत्वपूर्ण मानिएका कार्यक्रम अलपत्र अवस्थामा छन्। योजना घोषणा गर्दैमा पपुलर हुने होइन, त्यसको सफल कार्यान्वयन गरेमात्र प्रतिफल हासिल हुन्छ भन्नेकुरा नेताहरूले मनै देखि बुझ्नु आवश्यक छ । आफू सरकारमा रहेको बेला जसरी हुन्छ, अध्ययन विना नै महत्वकांक्षी योजनाहरू ल्याउने होडबाजीमा नेताहरू अग्रसर भइरहेका हुन्छन् । यस्तो खालको मानसिकताबाट कर्णाली सरकार र सरकारमा पुगेकाहरू ग्रसित भएको पाइन्छ । पपुलारिटीका लागिमात्र योजना बनाउने काम पूर्णतः गलत हो। कुनै पनि योजना छनोट गर्दा उसको प्राविधिक पक्ष, लक्ष्य, उद्देश्य र दीर्घकालीन सोचका साथ तयार गरिनुपर्छ र सोही अनुसारको बजेटको व्यवस्थापन गरिनुपर्छ । अन्यथा घोषणामात्र गरिएका योजनाले जनतालाई प्रतिफल दिन सक्दैनन्। यो विषयलाई सरकारमा बसेकाहरूले बुझ्न सक्नुपर्छ। कर्णालीको सरकारले यसअघि ल्याएका धेरैजसो चर्चित, सुन्दा निकै मिठा लाग्ने कतिपय कार्यक्रम अहिले खासै सुन्न पाइँदैन । कतिपय आयोजना कार्यान्वयनको चरणमा रहे पनि आर्थिक भार पर्ने भनेर होल्ड भएको अवस्था छ भने कतिपय कार्यक्रम नेतृत्व फेरिनासाथ कार्यान्वयन नहुने अवस्था छ । पहिलो कुरा त योजनाको छनोटको प्रक्रिया नै वैज्ञानिक भएन । हचुवामा ल्याउने कार्यक्रमको कार्यान्वयन पक्ष पनि सतही नै हुने भइहाल्यो । आधारभूत तरिकाले यो आवश्यक छ, त्यसलाई महत्व दिएर लाग्नुपर्छ भन्ने दीर्घकालीन सोचका साथ नेतृत्वमा पुगेकाहरू लागेमात्रै परिणाम आउँछ।**

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट



डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# किन बढ्छ देश छाड्नेको लर्को ?

**सरोज दिलु**

निजी तथा गैरसरकारी क्षेत्रले नागरिकमाथि लुट, ठगी र बेइमानी गरी स्वार्थसिद्ध गरिरहेकै छन् । प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र नै आए पनि यस्ता कार्यलाई सरकारले नै नियन्त्रण गर्न सकेको छैन। अझ, सार्र्वजनिक सेवाका लागि खडा भएका संरचना र कर्मचारी संयन्त्रहरूले सेवाग्राहीलाई दिने दुःख र गर्ने अपमानको कुरा गरी साध्य छैन । अर्कोतिर सेवाप्रवाह गतिशील हुन सकेको छैन। एकातिर राज्य नागरिकप्रति उत्तरदायी बन्न सकेको छैन भने अर्कोतर्फ यिनै विविध कारणले नागरिकलाई राज्यप्रति जवाफदेही बन्न अनिच्छुक बनाइरहेको छ। कतिसम्म भने मुलुकबाटै पलायन हुनेसम्मको स्थितिमा पुर्याएको छ, पुर्याइरहेको छ । सरकारी सेवा क्षेत्रमा रहँदै आएको यो जवाफहीनता र गैरजिम्मेवारीसँग भ्रष्टाचार र लुटतन्त्रले उत्तिकै स्थान लिएको छ । जसले जे गरे पनि हुन्छ भन्ने भाष्य बनेको मात्र छैन, स्थापित नै भइसकेको छ । यसरी सर्वसाधारण समेतमा मनोबल गिरेकै कारण नागरिकले पनि देशलाई दिनुपर्ने उत्पादन दिएको छैन । नागरिकबाटै सोचेजस्तो सेवा र उत्पादन लिन नसक्दा मुलुकमा गरिबी र त्यसपछि बेथिति बढ्नु कुनै नौलो विषय पनि हुँदैन, छैन । अहिले नागरिकताको सिफारिस लिन होस् या कुनै काम गर्न वा विदेश जान, जुनै निकायले पनि पहिले वडाको सिफारिस माग्छ । वडा कार्यालयमा पुग्दा जुन काम गरे पनि अग्रिम कर बुझाउनुपर्ने हुन्छ । जन्मदर्ता, मृत्युदर्ता, बाटो माग्दा, घरजग्गा किन्दा-बेच्दा वा घर बनाउँदा, घरभाडामा बस्दा, घर सर्नुपर्दा, नामसारी गर्दा, घर प्रवेश गर्दा, विदेश जाँदा-आउँदा, बसाइसराइँ गर्दा, कुनै व्यवसाय गर्दा वा समाजसेवा गर्छुभन्दा अनि जन्मेदेखि मृत्युसम्मको जानकारी गराउँदा अग्रिम कर तिर्नुपर्ने हुन्छ । यतिसम्म कि फोहोर गर्दा, फोहोर उठाउँदा, दिसा-पिसाब गर्दा हुँदाहुँदा कहीँ कतै त वडाका पदाधिकारी तथा कर्मचारीसँग बोल्दासमेत जनताले कर तिर्नुपरेको गुनासो आएको छ। वडा कार्यालयहरूले लोककल्याणकारी काम गरी नागरिकको काम सहजसँग गरिदिनुपर्ने हो संघीयतामा । तर ठीक उल्टो छ यहाँ ।





जीवनलाई सहजीकरण गरिदिनेभन्दा हातमा कोर्रा लिएर नागरिकलाई भयभीत बनाई मुख्यतः करमात्र त्यो पनि सकेजति लिएर स्थानीय सरकार आफू अनुकूल काम गरिरहेका छन् । गाउँघरमा सिंहदरबार भनेपछि त्यस किसिमका सेवा सुलभ रूपमा दिनुपर्ने हो, जुन खासै भएकै छैन । वडालाई त जसरी पनि पैसा चाहिएको छ । नागरिकलाई दिनुपर्ने सेवासुविधा र सहुलियतमा कमै पालिकालाई चासो होला, अधिकांशलाई आफ्नो सेवासुविधा र भत्ता कसरी लिनेमा चिन्ता छ । यिनलाई देश र नागरिकको चिन्ताभन्दा करको चिन्ता हुन्छ। मुलुकको गरिबी, बेथिति र नागरिकको निराशाको पहिलो ढोका नै वडा कार्यालयहरू हुन् भन्दा फरक पर्दैन। वडा कार्यालयमा जाऔं र साह्रै गाह्रो पो भयो भनेर गुनासो गर्दा कर्मचारी र पदाधिकारीले दिने जवाफ यस्तो हुन्छ- 'पहिलेको जस्तो कहाँ सजिलो छ र ? अहिले त नगरपालिका वा महानगर भयो । गाह्रो छ ।' पञ्चायतबाट गाविस, गाविसबाट नगरपालिका, नगरपालिकाबाट महानगर बनाउनु नागरिकको असहजताका लागि हो र ? अझ सहज होस्, अझ कामहरू छिटोछरितो र सुलभ तरिकाले छिट्टै होस् भनेर यो विकासको मोडल (संघीयता)मा गएको होइन र ? आम्दानी गरेबापत निश्चित कर तिर्नु न्यायको सामान्य सिद्धान्त हो । तर आम्दानीको आरम्भ नै गरेको छैन, आम्दानीको सुनिश्चितता नै छैन, वडाहरूबाट पहिले नै जबर्जस्त कर तिराउने प्रक्रिया सुरु हुन्छ । सामान्यतः राज्यले एउटा काम गर्दा एउटै मात्र कर लिनुपर्छ। तर यहाँ त जग्गाको कर, जग्गामा घर बनाएबापत घर कर, सम्पत्ति कर, बाटोको कर, सरसफाइको कर, पानीको कर, बिजुलीमा कर, टेलिफोनमा कर, व्यवसाय कर, सवारी कर, बाटो हिँडेबापतको कर, कुनै वस्तु किन्दा कर, बेच्दा पनि कर, घर बहाल कर, घर बहालमा नदिँदाको पनि कर तिर्नुपर्छ । कतिपय करहरू त काम गर्नुभन्दा पहिले नै तिर्नुपर्ने हुन्छ । अझ तेस्रो पक्षले तिर्नुपर्ने करसमेत तिरिदिनु पर्छ । हो, करबिना राज्य चल्दैन । तर करलिएबापतको सुविधा खै ? यो प्रश्न जताततै छ । सिट्ठी बजाउँदै फोहोरका प्लास्टिक टिप्दै हिँड्नु वा डोजरले नागरिकको घर भत्काई बाटोको चौडाइ बढाउनु मात्र लोककल्याण होइन । पैसा खर्च गरेर, भोजभतेर खुवाएर वा नेताहरूको फेरो समाएर पालिकामा आउने तर समाजलाई नबुझ्ने, लोकतन्त्रको कुनै ज्ञान नहुने अनि घुम्ने कुर्सीमा हल्लिएर नागरिकलाई थप पीडा दिने जनप्रतिनिधिको जिम्मेवारी हुँदै होइन । नागरिकको जतिसक्दो डाढ सेकेर, शोषण गरेर, उनीहरूलाई हतोत्साही बनाई चुनाव खर्च उठाउने, नेताहरूको पकेट क्षेत्रमा लगानी गरिदिने र चिया गफ लगाई तलबभत्ता खाने थलो भएको छ- अधिकांश स्थानीय सरकारहरूको । समाजको मनोविज्ञान, गतिशीलता, आवश्यकता, सांस्कृतिक पक्ष र सहिष्णुताप्रति स्थानीय सरकारहरूको कुनै चासो देखिएन । सेवाग्राहीलाई कागजी झन्झटमा अल्मल्याएर, दुःख दिई बिचौलियामार्फत घूस खाने पुरानो कर्मचारीतन्त्रलाई निस्तेज गर्नुपर्ने आवाज उठिरहँदा वडावडामै थप कागजी झन्झट र भनसुन गर्नुपर्ने अवस्था प्रायः सबैले भोग्दै आएका छन् । परिणामतः यही मुलुकमा बसेर केही गरौं भन्ने नागरिकलाई निराश बनाएर जबर्जस्त एअरपोर्टमा लाम लाग्न बाध्य बनाएका छन् । अनि विदेश जान नसक्नेलाई निष्कृय र हतोत्साही बनाइरहेका छन् । यसैलाई उनीहरू संघीयताको सफल अभ्यास भनिरहेका छन् । केही वर्षका अभ्यास विश्लेषण गर्दा मुलुकको विकासका पहिलो बाधक स्थानीय सरकारका वडा कार्यालयहरू हुन् भन्दा कुनै अत्युक्ति नहुने देखिन्छ। जनताका इच्छा र कर्महरू बहुआयामिक हुन्छन् । नागरिकका तिनै इच्छा र कर्मलाई सहजीकरण र सरलीकरण गरी आवश्यकताअनुसारको सेवाप्रवाह गरिदिने कार्य वडाको काम हो । नागरिकलाई उत्प्रेरणा दिई उत्पादनमा लगाउने, रोजगार बनाउने र दिने, नजाने र नसकेको कामहरूमा तालिम दिने आदि थुप्रै दायित्व हुनुपर्ने हो । विडम्बना के पनि छ भने नागरिकको चाहना बुझेका जनप्रतिनिधिले विरलै प्रतिनिधित्व गर्न पाउँछन् । समस्या कहाँबाट सुरु हुन्छ भने यहाँ अधिकांश जनप्रतिनिधि आफ्ना नेताहरूलाई रिझाउने, नेताका आफन्तलाई ठेक्कापट्टा मिलाइदिने, नेतालाई रकम बुझाइरहने अथवा ठेकेदार वा जग्गा दलाल वा बिचौलियाहरूलाई टिकट दिएर पैसाको भरमा चुनाव जितेर आएका प्रतिनिधि हुन्छन् । यस्ता जनप्रतिनिधिले समाजका बहुआयामिक पक्षको अध्ययन गरेकै हुँदैनन् । उनीहरू स्वयम् प्रायोजित हुन्छन्, निर्देशित भएर आएका हुन्छन् अनि सोहीअनुसार काम गर्छन्। यस किसिमका जनप्रतिनिधिसँग न समाजको सन्तुलनको अध्ययन छ, न समाज विज्ञानको । न अर्थतन्त्रको ज्ञान छ, न त समाज कसरी रूपान्तरण हुन्छ भन्ने चेतना नै। यस्तो हैसियतका जनप्रतिनिधिले गणतन्त्रको मर्म, जनताको भावना र देशको समृद्धिको आधार निर्माण गर्न कसरी सक्छन् ? बरु कानुनको सहारामा लुट्ने 'लुपहोल' खोजिरहन्छन् र नागरिकलाई अझ सास्ती पुग्नेगरी कानुन बनाएर चुस्छन्, चुसी रहन्छन् । त्यस्ता जनप्रतिनिधिहरूबाट लोक कल्याणकारी राज्यको स्थापना सम्भव छैन । वडामा मात्र होइन, मालपोत, कर कार्यालयहरू, ट्राफिक प्रहरी वा अन्य प्रत्यक्ष जनसम्पर्क हुने कार्यालयमा नागरिकले अनेकन् पीडा भोगिरहेकै छन् । अतः नागरिकलाई उत्पादनमुखी बनाई मुलुकको समृद्धि चाहने हो भने वडा कार्यालयदेखि सबै पालिका, सेवाप्रदायक कर्मचारीहरू चल्ने विधि-पद्धति, तिनको चिन्तन, व्यवहार र कर्तव्य सबैमा सुधार हुनैपर्छ । नागरिकको एउटा उद्देश्यको सबै काम एउटै निकायमा सम्पन्न हुनुपर्छ । राज्यले एउटा कामका लागि एउटै मात्र कर निर्धारण गरी नागरिकलाई सुविधा दिनुपर्छ। सम्बन्धित कार्यालयमा नागरिकको काम रोकिँदा वा उसले कष्ट पाउँदा त्यसको क्षतिपूर्ति वा शोधभर्ना सेवाग्राहीले पाउने व्यवस्था हुनुपर्छ। पदाधिकारी र कर्मचारीहरूको कामलाई अझ प्रभावकारी बनाउन प्रत्येक वडामा अर्थशास्त्र, समाजशास्त्र, सांस्कृतिक ज्ञान भएका, वातावरणविद्, इन्जिनियर, माटो, पानी वा कृषिविज्ञ, शिक्षाविद् आदि विज्ञ राख्नुपर्छ ।

बैदेशिक रोजगारमा जाँदा ध्यान दिनुपर्ने कुराहरू

- जान चाहेको देशको भाषा, कानून र त्यहाँको संस्कृतिको आधारभूत जानकारी राखौं ।
- बैदेशिक रोजगारमा जाँदा प्रचलित कानूनबमोजिम श्रम स्वीकृति लिएर मात्र जाऔं ।
- नेपालको बैदेशिक रोजगारसम्बन्धी कानूनहरूको आधारभूत जानकारी राखौं ।
- सीप सिकेर मात्रै बैदेशिक रोजगारीमा जाऔं ।
- बैदेशिक रोजगारमा जानुअघि रोजगारदाता कम्पनिले दिने सेवा, सुविधा र लाग्ने खर्च यकिन गरेर मात्रै जाऔं ।
- बैदेशिक रोजगारमा जाँदा भिजिट भिषामा नभई रोजगार भिषामा जाऔं ।
- बैदेशिक रोजगारमा हुने ठगीबाट बच्न बिचौलियाबाट सजग रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कानुन परिमार्जन गर्ने सहमति

नमस्ते समाचारदाता

सुर्खेत, पुष/०९



कर्णाली प्रदेश सभाका सदस्य मानसिक स्वास्थ्य तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलक्षित कानुन परिमार्जन गर्न सहमत भएका छन् । उनीहरूले विभेदकारी कानुन परिमार्जन गर्ने र अपमानित शब्दावली खारेज गर्न पनि ऐक्यबद्धता जनाउँदै मानसिक स्वास्थ्य र मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई सम्मानजनक अवसर प्रदान गर्न सहमति भएका हुन् । राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश र कोसिस नेपालले आयोजना गरेको कार्यक्रममा प्रदेश सभा सदस्यले चलन चलनमा रहेका कानुनमा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिको रोजगारीको अधिकार बाट वञ्चित गरेको, अपमानित महसुस हुने शब्द चलनमा रहेकाले त्यस्ता कानुनलाई परिमार्जन गर्न आग्रह गरेका छन् । कर्णाली प्रदेश सभा सदस्य बिन्दमान विष्टले कानुनमा रहेका विभेदकारी प्रावधान र अपमानित शब्दावली रहेकाले संशोधन गर्न सकिने बताउनुभयो । उहाँले कानुनी र व्यावहारिक संवेदनशीलतालाई ध्यानमा राख्दै मनोसामाजिक अपाङ्गता रहेका व्यक्तिको पक्षमा जनप्रतिनिधि रहेको उल्लेख गर्नुभयो । यस्तै अर्का प्रदेश सभा सदस्य जितबहादुर मल्लले परीक्षाबाट वञ्चित गराउने जस्ता प्रावधान सुधार गर्न जरुरी रहेको बताउनुभयो । उहाँले आफू उनीहरूको हक अधिकार प्रत्याभूति गर्न विभेदकारी कानुन संशोधन गर्न तयार रहेको प्रतिबद्धता जनाउनुभयो । यसै गरी पूर्णबहादुर खत्रीले घर घरमा मानसिक स्वास्थ्यका बिरामी भएकाले आफू स्वयम्लाई सम्झेर कानुन बनाउन जरुरी रहेको बताउनुभयो भने अर्का प्रदेश सभा सदस्य देवेन्द्रबहादुर शाहीले कानुन परिमार्जन गर्न आवश्यक रहेको जनाउनुभयो । कर्णाली प्रदेश सभाको सामाजिक विकास समितिका ज्येष्ठ सदस्य खड्कबहादुर पोखेलले मानसिक स्वास्थ्यको समस्या दिनदिनै बढ्दै गएकोमा चिन्ता व्यक्त गर्नुभयो । उहाँले यसको क्षेत्रमा काम गर्ने सङ्घ संस्थाले कार्यक्षेत्र विस्तार गर्न सुझाव दिँदै घरभित्रैबाट विभेद भोग्दै आउने हुँदा कानुन परिमार्जन गरी हक अधिकार सुरक्षित गराउनुपर्नेमा जोड दिनुभयो । राष्ट्रिय मानव अधिकार आयोग कर्णालीका प्रमुख रमेशकुमार थापाले शारीरिक अपाङ्गताको तुलनामा मनोसामाजिक अपाङ्गताको सवाल ओझेलमा पारिएको बताउनुभयो । उहाँले नेपालमा चलनचल्तीमा रहेकामध्ये ६९ वटा कानुनमा विभेदकारी प्रावधान रहेकाले परिमार्जन गर्न आवश्यक परेले सोतर्फ कदम चाल्न सुझाव दिनुभयो ।

# एउटै जग्गा तीन जनालाई बिक्री गर्ने व्यक्ति फरार

नमस्ते समाचारदाता

कैलाली, पुष/०९



एक-एक गरी जोडेको धन अर्कैले खाएर भागेपछि घोडाघोडी नगरपालिका-१ घोडाघोडी गाउँकी राधिका कार्की विक्षिप्त अवस्थामा पुगेकि छिन् । विसं २०७९ मा रु २३ लाखमा किनेको जग्गा विश्वासका भरमा समयमै पास गरेर नलिँदा अहिले उनलाई पछुतो भएको छ । राधिकालाई जग्गा बेचेर एक वर्षपहिला रकम बुझिसकेको जग्गा थप अरू दुई जनालाई बेचेर फरार भएकी मीना शाहको अहिले खोजी भइहेको छ । मीना र राधिका एकै ठाउँका छिमेकी हुन् । शाहसँग घोडाघोडीमै रहेको एक कठ्ठा जमिन २०७९ साल वैशाखमा आफूले किनेको राधिका बताउछिन । विभिन्न समयमा किस्ता किस्ता गरे २३ लाख ७६ हजार रुपैयाँ बुझाए पनि बैङ्कमा जग्गा भएका कारण दुई वर्ष बित्दासम्म राधिकाको नाममा जग्गा पास भएको थिएन । एकै ठाउँको मान्छे दुःखसुखमा काम लाग्ने भन्दै राधिकाले जग्गाको पूरै रकम बुझाउँदा समेत कुनै लिखत नगरेको बताइन । साना किसान सहकारीमा काम गर्ने मीनाले राधिकालाई बेचेको जग्गा अरूलाई नै बेचेर बेखबर भएपछि राधिकाको होसहवास उडेको छ । राधिकाले भनिन्, 'मैले ठेला व्यवसाय गरेर पाई पाई जोडेको पैसा हो, २९ किस्ता त बैङ्कमा बुझाएको छु । साना छोराछोरी काखमा च्यापेर ठेलामै रात गुजारी कमाएको रकम जग्गामा लगाएँ । मैले विश्वास गरेर कागज पनि गरिनँ ।' राधिकाका श्रीमान् अटो चलाउछन् । राधिकाले घोडाघोडीमै सानो पसल चलाएर गुजारा गर्छिन । दुःखसुख गरेर ओत लाग्ने घर बनाउने सपना बनाउँदै आएकी राधिकाले जग्गामा पैसा लगाएकी हुन । आफूले किनेको जग्गा अरू दुई जनालाई बेचेको खबरसँगै राधिकाको आँखामा आँसुको भेल बगेको छ । उनी रुँदै भन्छिन्, 'प्रहरीकहाँ उजुरी गर्न गएको प्रमाण छैन भन्दै निवेदन नै लिएन । आधा रकम नगद दिए । आधा रकम उसको बैङ्कमा भएको ऋण तिर्न किस्ता बुझाएँ । घरजग्गा परिवार सबै भएको मान्छे, यसरी घात होला भन्ने मानेकि थिइन ।' मीनाले राधिकालाई बेचेको जग्गा पहलमानपुरका सन्तोषी रोकायालाई बेचेर राजीनामा पास दिइसकेकी रहिछन् । सन्तोषीलाई पास दिनुअघि सोही जग्गा मसुरियाका मीनाकै नाता पर्ने पार्वती कठायतलाई बेचेर पाँच लाख रुपियाँ बैना बुझेको बताइन्छ । जग्गाको बैनाका लागि पाँच लाख रुपियाँ बुझाएर मंसीरमा जग्गा पास दिने भनेपछि पार्वती दोस्रो पटक जग्गा हेर्न घोडाघोडी आएको बताइन् । पार्वतीले भनिन्, 'पहिलो पटक आउँदा कसैले केही भनेन । २० लाख रुपियाँमा जग्गा किनबेच सहमति भएको थियो । पाँच लाख रुपियाँ बैना बुझाएँ । दोस्रो पटक जाँदा जग्गा अरूलाई नै बेचेको थाहा पाएँ ।' उनले रकम मीनाको बैङ्क खातामा हालेको प्रमाणसहित प्रहरीकहाँ निवेदन दिएको भनिन् ।

# बाजुरामा हिमपात, जनजीवन प्रभावित

नमस्ते समाचारदाता

बाजुरा, पुष/०९



बाजुरामा पुनः हिमपात सुरु भएपछि यहाँको जनजीवन प्रभावित भएको छ । हिमाली क्षेत्रका उच्च ठाउँमा बिहानदेखि हिमपात भएपछि चिसोका कारण यहाँको जनजीवन निकै प्रभावित भएको हो । बिहान सात बजेदेखि पुन यहाँ हिउँ पर्न सुरु भएपछि चिसो पनि निकै बढ्न थालेको बुढीनन्दा नगरपालिका स्थानीय टेकबहादुर थापाले बताउनुभयो । उहाँले भन्नभुयो, "बडिमालिका, बुढीनन्दा, जगनाथ, हिमाली, स्वामिकार्तिक लगायतका उच्च स्थानमा हिउँ पर्न सुरु भएपछि त्यो हिउँको चिसोले यहाँको जनजीवन प्रभावित भएको छ ।" बिहान सात बजेदेखि यहाँ पुन बाक्लो हिमपात भएपछि अहिले यहाँका बालबालिका तथा वयोवृद्धहरुलाई घर बाहिर आउजाउ गर्न निकै कठिन भएको थापाले बताउनुभयो । हिउँदको महिना यहाँ त्यसै पनि निकै चिसो हुन्छ । यतिबेला फेरि यहाँ दुइ पटक हिउँ परेपछि अहिले यहाँको जनजीवन निकै प्रभावित हुन थालेको छ । मङ्सिर, पुस र माघको महिनादेखि नै यहाँका अधिकाशं ठाउँमा धेरै चिसो हुने गर्दछ । मङ्सिरको २३ गते देखि हिउँ पर्न सुरु भएपछि त्यो हिउँको चिसोले यहाँका बालबालिका तथा ज्येष्ठ नागरिकहरुलाई निकै समस्या गरेको छ । पटकपटक यहाँ हिमपात हुन थालेपछि अहिले यहाँका स्थानीयलाई गाई भैँसी भेडाबाखालाई वनमा चरिचरन गराउँन समेत समस्या भएको छ । हिउँले यहाँको जमिन पूरै सेताम्य भएपछि यहाँका स्थानीयलाई भेडाबाखालाई बाहिर ल्याएर चरिचरन गर्न समस्या हुने गरेको हो । बाजुरामा प्राय अधिकाशं हिउँदे खेतीमा सिचाइको अभाव हुने गरेको छ । सिँचाइ अभावका कारण हिउँदे बाली गहुँ जौ सुक्ने गर्दछ । समयमै हिमपात परेपछि यहाँका कृषक भने निकै खुसी भएका छन् । सिँचाइ अभावका कारण सुक्न लागेको ती गहुँ जौ बालीमा बाक्लो हिमपात भएपछि खेती राम्रो हुने आशले यहाँका किसान निकै हर्षित भएका हुन् । बाजुरामा दुई लाख ३० हजार ३७ हेक्टर जमिनमध्ये २२ हजार हेक्टर जमिन खेतीयोग्य छ भने यसमा पाँच हजार २३५ हेक्टर जमिनमा मात्र वर्षभरिमा सिँचाइ हुने गरेको कृषि ज्ञान केन्द्र बाजुराका प्रमुख दसिराम साहनीले बताउनुभयो ।

## बेरुजुलाई...

अघिल्ला वर्षको तुलनामा प्रदेश सरकारले बेरुजुको अंक घटाउँदै लगेको प्रदेश लेखा नियन्त्रक दीपक ज्ञवालीले जानकारी दिएका छन् । लुम्बिनी प्रदेश सरकार मातहतका मन्त्रालय र कार्यालयको आर्थिक वर्ष २०८०/०८१ को आन्तरिक लेखा परीक्षणबाट ४३ करोड ३१ लाख बेरुजु देखिएको छ । ज्ञवालीले अघिल्लो पटक दुई प्रतिशतमा रहेको बेरुजु अंक अहिले घटेर डेढ प्रतिशतमा झरेको जानकारी गराए । आन्तरिक लेखा परीक्षणबाट असुल गर्नुपर्ने २ करोड १९ लाख, नियमित गर्नुपर्ने ३१ करोड ९७ लाख र म्याद नाघेको पेश्की ९ करोड १५ लाख रहेको प्रदेश लेखा नियन्त्रकको कार्यालयले जनाएको छ । आन्तरिक लेखापरीक्षणको क्रममा १७ लाख ३० हजार बेरुजु असुल भएको जनाइएको छ । बेरुजु घटाउनेगरी प्रदेश सरकारले जेठ महिनासम्म काम सम्पन्न गर्ने र असार महिनालाई भुक्तानीको महिना मात्रै बनाउने गरी काम भइरहेको भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले बताएका छन् । प्रमुख सचिव महादेव पन्थले आर्थिक अनुशासन सुधारको बाटोमा रहेको बताए । अहिले प्रदेशले भोगिरहेको जनशक्तिको अभाव समाधान गर्ने गरी कामहरु अघि बढेको जानकारी दिए । बेरुजु फछ्र्यौटका लागि प्रदेश लेखा समिति र महालेखा परीक्षकको बीचमा समन्वय बढाउनुपर्ने, लेखा समितिको क्रियाशीलता चाहिने, बजेट प्रणालीमा सुधार गर्नेगरी सुझाव छ ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
वीरेन्द्रनगर, सुर्खेत फोन नं. ९८४८२४९९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, मान्मदौ मुगु, जुम्ला, गमगढी, कालिकोट र दुनै डोल्पा

# कर्णालीका तीन संसदीय समिति अझै नेतृत्वविहीन

नमस्ते समाचारदाता

सुर्खेत, पुष/०९

कर्णाली प्रदेश सभाका तीनवटा विषयगत समिति अझै सम्म नेतृत्व विहीन हुँदा सरकार विशेषज्ञ सुझावबाट वञ्चित भैरहेको छ । प्रदेशका सार्वजनिक लेखा समिति, अर्थ तथा प्राकृतिक समिति र सामाजिक विकास समितिका अझै नेतृत्व विहीन छन् । अर्थ समिति गत वैशाखदेखि, विकास समिति साउनदेखि र लेखा समिति गत असोजदेखि सभापति विहीन भएका हुन् । हालसम्म यी समितिका सभापति नहुँदा चारवटा विधेयकमा छलफल हुन सकेको छैन । सरकारका कामकारबाही अनुगमन गर्ने र सार्वजनिक महत्वका विषयमा सरकारलाई जवाफदेही बनाउने समिति नै सभापति विहीन भएपछि ती समिति गतिहीन बनेका छन् । कर्णाली प्रदेश सभाका सचिव जीवराज बुढाथोकीले सभापतिको पद खाली हुँदा ज्येष्ठ सदस्यले समितिको काम गर्न मिल्ने भए पनि कर्णालीमा त्यो कार्यान्वयन नभएको बताए ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
चंखेली गाउँपालिका
हुम्ला

# चीन जोड्ने सडक निर्माणमा बजेट अभाव

नमस्ते समचारदाता

मुगु, पुष/०९



चीनको व्यापारिक नाकासँग जोडिएको नाकच्यालाग्ना सडक निर्माणका लागि सङ्घीय सरकारले पर्याप्त बजेटको व्यवस्थापन नगरिदिँदा ट्र्याक खोल्न ढिलाइ भएको छ। जिल्ला सदरमुकाम गमगढी बजारदेखि चीनको सिमानासम्म ९१ किलोमिटर सडक बजेटको अभावका कारण काम सुस्त छ। गमगढी-नाकच्यालाग्ना सडक परियोजना जुम्ला सडक डिभिजन कार्यालयको मातहतमा निर्माण भइरहेको छ। सडक डिभिजन कार्यालय जुम्ला अन्तर्गतका कार्यालय प्रमुख दीपेन्द्रकुमार चौधरीका अनुसार गमगढी-नाकच्यालाग्ना सडकको गमगढी नाकच्यालाग्ना सडक परियोजना कार्यालयले २०७२ सालदेखि ८१ सालसम्म अनुमानित ३८ करोड रकमले करिब २२ किलोमिटर ट्र्याक खोलेको छ। उहाँले चरम बजेटको अभावले गर्दा यो सडकको कामले गति नपाएको बताउनुभयो। सडक विस्तार गर्न र सडकको स्तरोन्नति गर्न चालु आर्थिक वर्ष २०८१/८२ का लागि एक करोड रकम विनियोजन भएको छ। छायाल र माँग्रीमा पर्ने १.२ किलोमिटर चट्टानी पहरो ब्लास्टिङ गर्न र ग्राभेलका साथ साइडमा नाला निर्माणका लागि चालु आर्थिक बजेटमा उक्त विनियोजित रकममा काम गर्न नसिकिने भएकाले थप बजेट व्यवस्थापनका लागि सडक विभागसँग पत्राचार गरेको कार्यालय प्रमुख चौधरीले बताउनुभयो। सडक निर्माण व्यवसायी कन्स्ट्रक्सन थोदुङ्ग्याराभान जेभीले मुगुमकार्मारोङ गाउँपालिका छायालको गाँठ्याभिरसम्म सडक निर्माण गरेको छ। समयमै गमगढी-नाकच्यालाग्ना सडक निर्माण हुन नसक्दा कर्णालीवासीको चीनसँग व्यापार गर्ने सपना अधुरै रहेको स्थानीय गुरुक्षेग्मी लामाले बताउनुभयो। नेपालका उत्तरी नाकासँग जोडिएका नाकामध्ये सबैभन्दा छोटो नाकाका रूपमा रहेको यस नाकच्यालाग्ना नाका सडक सञ्जालमा जोडिएको खण्डमा मुगु मात्र नभएर सिङ्गो कर्णाली प्रदेशलाई नै फाइदा पुग्ने उहाँको भनाइ छ। मुगुमकार्मारोङ गाउँपालिकाका अध्यक्ष छिरिङ क्याप्ने लामाका अुसार मुगुमकार्मारोङ गाउँपालिका धेरै टाढा र विकट भएर सङ्घीय सरकारको नजर अझै पर्न् सकेको छैन। अहिले पनि सरकारले आवश्यकता अनुसार बजेट विनियोजन नगर्दा सडक निर्माण हुन नसकेको उहाँले बताउनुभयो। २०६४ सालमा माथिल्लो मुगुलाई सदरमुकाम गमगढीमा जोड्न र उत्तरी चीनसँग जोड्ने उद्देश्यले जिल्ला विकास समितिको कार्यालयले सडक विस्तार गर्न काम थालनी भएको थियो। १४ वर्ष बितिसक्दा पनि राज्यबाट सडक निर्माणमा तीव्रता दिन सकेको छैन। नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष विनोदकुमार मल्लले अहिलेको रफ्तारमा काम गर्दा नाकच्यालाग्ना सडक पूरा हुन वर्षौं लाग्ने देखिएकाले छिटोछरितो सडक निर्माणका लागि नेपाली सेनालाई जिम्मा दिनुपर्ने सुझाव छ। कर्णाली प्रदेशको आम्दानीको स्रोत हुने दोस्रो ठुलो नाका नाकच्यालाग्ना सडक हो। सङ्घीय सरकारले मुगु जिल्लाको नाकच्यालाग्ना सडकलाई ट्र्याक खोल्न छिटो पर्याप्त रकमको व्यवस्थापन गरी कर्णाली प्रदेशकै आम्दानीको स्रोत हुने मल्लको भनाइ छ। यो नाकाबाट सडक सम्पन्न भएको अवस्थामा सहजै जडीबुटीदेखि नेपालमा निर्मित सामग्री चीनमा निर्यात र चीनका निर्मित लत्ताकपडादेखि त्यहाँ उत्पादित खाद्यान्नलगायत अन्य सामग्री नेपालमा आयात गर्न सकिने जिल्ला नागरिक समाजका संयोजक रूपबहादुर मल्लले बताउनुभयो।

# चर्किएकै भवनमा पढाइ, खुला चौरमा परीक्षा



नमस्ते समचारदाता

रुकुमपश्चिम, पुष/०९

रुकुमपशि्चममा भूकम्पले चर्किएका भवनमै पठनपाठन हुने गरेको छ भने खुला चौरमा परीक्षा सञ्चालन हुने गरेको छ। विद्यालय भवन निर्माण हुन नसकेको र अस्थायी सिकाइ केन्द्रमा अत्यधिक चिसो हुने भएकाले जोखिमपूर्ण अवस्थाका कक्षाकोठामै पठनपाठन हुने गरेको हो। अघिल्लो वर्षको कात्तिकमा गएको भूकम्पले भवन क्षति गरेका अधिकांश विद्यालयका बालबालिका चर्किएको कोठामा पढ्ने गरेका छन् भने परीक्षालगायत अन्य गतिविधि खुला चौरमा हुने गरेको छ। आठबिसकोट नगरपालिका-९ स्थित कालिका माध्यमिक विद्यालय सुन्दरपानीमा अहिले दोस्रो त्रैमासिक परीक्षा चलिरहेको छ। विद्यालयका शिक्षक कविराम बुढाथोकीले खुला चौरमा लहरै विद्यार्थी राखेर परीक्षा सञ्चालन गरेको बताउनुभयो। भूकम्पले यस विद्यालयका पाँच वटा भवनमा क्षति गरेको थियो भने पक्की भनिएको कार्यालय भवन पनि चर्किएको छ। तत्कालीन अवस्थामा पाँच वटा अस्थायी सिकाइ केन्द्र स्थापना गरेर पठनपाठन सञ्चालन गरिए पनि हिउँदको चिसो, वर्षाको झरी र हावाहुरीले प्रभावकारी रूपमा पठनपाठन हुन सकेको छैन। परीक्षा सञ्चालनका लागि पर्याप्त कोठा नभएकाले खुला चौरमा राखेर परीक्षा गराउनु परेको उहाँले जानकारी दिनुभयो। शिक्षक बुढाथोकीका अनुसार चिसो मौसममा घामको न्यानो पनि हुने भएकाले विद्यालयको खुला चौर परीक्षा केन्द्र बनेको छ। उहाँले कक्षाकोठाकै अभावका कारण कक्षा ११ र १२ को पठनपाठन नियमित गर्न नसकिएको बताउनुभयो। सानीभेरी गाउँपालिका-२ मा रहेको भेरी दोभान माध्यमिक विद्यालयमा पनि चर्किएकै भवनमा पठनपाठन हुने गरेको छ। यहाँका विद्यार्थीले कक्षामा ढुक्कले बसेर पढ्ने अवस्था नरहेको बताउने गरेका छन्। विद्यालयमा प्रधानाध्यापक भूपेन्द्र ओलीले भूकम्पका कारण विद्यालयका सबै भवन र कक्षाकोठा क्षति पुगेको बताउनुभयो। विद्यालयमा कक्षाकोठा अभाव भएपछि कक्षा ८, १० र ११ लाई चर्किएकै भवनको कोठामा राखेर पठनपाठन गर्न बाध्य भएको प्रधानाध्यापक ओलीले बताउनुभयो। आठबिसकोट नगरपालिका-१३ स्थित आदर्श मावि घेत्माका प्रधानाध्यापक तिलकनारायण मल्लले पनि कक्षा १, २ र ३ लाई चर्किएकै भवनमा राखेर पढाउनु परेको बताउनुभयो। हिजोआज अधिकांश कक्षा खुलाचौरमै सञ्चालन हुने गरेको मल्लले जनाउनुभयो। शिक्षा विकास तथा समन्वय एकाइ रुकुमपश्चिमका प्रमुख ताराप्रकाश पुन मगरका अनुसार भूकम्प गएको वर्ष दिन पूरा हुँदा पनि भवन पुनर्निर्माण हुन सकेका छैनन्। उहाँका अनुसार भूकम्पका कारण जिल्लाभरका २८८ सामुदायिक विद्यालयमध्ये २६२ वटामा क्षति पुगेको छ। कार्यालयको तथ्याङ्क अनुसार ४९ विद्यालय पूर्ण क्षति र २१३ विद्यालयमा आंशिक क्षति भएको छ। एकाइ प्रमुख पुनका अनुसार चौरजहारी नगरपालिकाका तीन विद्यालयमा पूर्ण क्षति छ भने ३१ विद्यालयमा आंशिक क्षति छ। त्यसै गरी आठबिसकोट नगरपालिकाका १७ विद्यालय पूर्ण र ३७ मा आंशिक, मुसीकोट नगरपालिकाका चार विद्यालयमा पूर्ण र ४८ विद्यालयमा आंशिक क्षति भएको छ। सानीभेरी गाउँपालिकामा १८ विद्यालयमा पूर्ण क्षति र २३ मा आंशिक, त्रिवेणी गाउँपालिकाका चार विद्यालयमा पूर्ण र ३४ मा आंशिक र बाँफिकोट गाउँपालिकाका तीन विद्यालयमा पूर्ण र ४० विद्यालयमा आंशिक क्षति भएको विवरण शिक्षा विकास तथा समन्वय एकाइमा रहेको छ।

# हुम्लामा हिमपातहुँदा जनजीवन प्रभावित

नमस्ते समचारदाता

हुम्ला, पुष/०९



हुम्लामा हिमपात भएको छ। सोमबार दिउँसो मौसम सफा रहे पनि गएरातिदेखि हिमपात सुरु भएको हो। प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेयले जिल्ला सदरमुकाम सिमकोटमा हिमपात भएको जानकारी दिनुभयो। यहाँ दुई इञ्चसम्म हिउँ जमेको छभने उत्तरी नाम्खा गाउँपालिकासहित उच्च भेगमा एक फिटसम्म हिउँ जमेको छ। जिल्लामा हिमपातसँगै चिसो अत्यधिक बढेको छ। चिसोका साथै हिमपात हुँदा आवत जावतमा समेत समस्या बनाएको उहाँले बताउनुभयो। जिल्लाका नाम्खाका लिमी, यारी, हल्जी, तील, हिल्सा चाला लगायतका गाउँमा हिमपातले जनजीवन प्रभावित बनाएको छ। सदरमुकाम सिमकोटको तापक्रम अहिले 'माइनस डिग्री'मा पुगेको छ। जिल्लाको दक्षिण भेगमा भने वर्षा भइरहेको जनाइएको छ। हिमपात हुँदा वृद्धवृद्धा, बाल बालिका लगायत सुरक्षित भएरबस्न तथा संभावित हिमपहिरो आउने आसपासका बस्तीमा सुरक्षित रहन प्रमुख जिल्ला अधिकारी पाण्डेयले आग्रह गर्नुभयो।

# मोटरसाइकल दुर्घटनामा प्रहरी जवानको मृत्यु

नमस्ते समचारदाता

दाङ, पुष/०९

दाङमा भएको मोटरसाइकल दुर्घटनामा एक जना प्रहरी जवानको मृत्यु भएको छ। मोटरसाइकल दुर्घटनामा वडा प्रहरी कार्यालय लमहीमा कार्यरत लमही नगरपालिका-७ निवासी २६ वर्षीय प्रहरी जवान गणेश चौधरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दाङका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक इश्वर थापाले जानकारी दिनुभएको छ। प्रहरी नायब उपरीक्षक थापाका अनुसार चौधरी पूर्व-पश्चिम राजमाग अन्तर्गत लमही नगरपालिका-७ पदमिनी खोला स्थित लु १ ख ९३५२ नम्बरको ट्रकमा लुम्बिनी प्रदेश ०१-००२ प ११४८ नम्वरको मोटरसाइकल ठोक्किँदा दुर्घटना भएको थियो। दुर्घटनामा गम्भीर घाइते चौधरीलाई उपचारका लागि लमही अस्पतालमा पुर्‍याएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए। प्रहरीले ट्रक चालक रुपन्देही जिल्ला स्यारी गाउँपालिका-४ निवासी २९ वर्षीय जितेन्द्र राजभरलाई नियन्त्रणमा लिएर घटनाबारे अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ।

## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

चंखेली गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके